नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी विद्यालय लेखापरीक्षण मार्गदर्शन २०७९ मा गरिएको संसोधन बारे

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था(ICAN)को परिषदको मिति २०८२ साल चैत्र २० गते बसेको ३६३औँ बैठकले हाल विद्यमान रहेको विद्यालय लेखापरीक्षण मार्गदर्शन २०७९ को परिच्छेद ४ को उपदफा ४.२(क),"वित्तीय विवरण तयार गर्ने आधार" अन्तर्गत निम्न बमोजिम संसोधन पारित गरेको छ :

विद्यमान व्यवस्था	संशोधित व्यवस्था
१. सामुदायिक विद्यालय गैर नाफामूलक संस्था अन्तर्गत पर्ने भएकाले यसले गैर नाफामूलक संस्थाको लागि नेपाल लेखामान (NAS for NPOs) अनुसार वित्तीय विवरण तयार गनुपर्दछ । नेपाल लेखामान बोर्डले जारी गरेको Nepal Accounting Standard for Not for Profit Organizations (NAS for NPOs) 2018, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले मिति २०८० असार ३१ गते सम्म स्वेच्छिक रुपमा र मिति २०८० साउन १ गतेदेखि अनिवार्य रुपमा लागू गर्ने निर्णय गरेकाले गैर नाफामुलक संस्थाहरुले सोहि बमोजिम गर्नु पर्नेछ ।	१.अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान (IPSAS) को Conceptual Framework मा उल्लेखित सार्वजनिक क्षेत्रका निकायको अवधारणा बमोजिम सार्वजनिक गुठीहरु सार्वजनिक क्षेत्रका निकायहरु मानिने व्यवस्था रहेको छ । साथै नेपाल सरकारद्वारा जारी गरिएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगद आधार लेखाङ्कनको वित्तीय प्रतिवेदन) को भाग १ दफा १.१.१ (प्रयोगको क्षेत्र) को व्यवस्था अनुसार **क) सार्वजनिक हितका लागि सेवा प्रवाह गर्ने,** **ख) मुख्यतया: सार्वजनिक कोष, सरकारी अनुदान, सामाजिक योगदान वा स्थानीय तहको बजेटबाट वित्तीय स्रोत प्राप्त गर्ने तथा **** **ग) नाफा आर्जन गर्नु प्राथमिक उद्देश्य नभएका संस्थाहरू, सार्वजनिक क्षेत्रका निकायका रूपमा रहने व्यवस्था रहेको ।** *** मुख्यतया: भन्नाले कुनै पनि विद्यालयको कुल आयको ५०% वा सो भन्दा बढि आय भएको अवस्था बुझनुपर्दछ ।* यस सन्दर्भमा सामुदायिक विद्यालयहरू सार्वजनिक गुठीका रुपमा सार्वजनिक हितका लागि शैक्षिक सेवा प्रवाह गर्ने तथा मुख्यतया: सरकारी अनुदान तथा सार्वजनिक स्रोतबाट सञ्चालन हुने भएकाले र नाफा आर्जन गर्नु प्राथमिक उद्देश्य नभएकाले सार्वजनिक क्षेत्रका निकायको दायराभित्र पर्ने देखिएकोले त्यस्ता विद्यालयहरूले अनिवार्य रुपमा नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) मा आधारित वित्तीय विवरण तयार गर्नुपर्नेछ ।

ICAN Marg, Satdobato, Lalitpur Nepal, Tel: 0977-1-5430832, 5430730, Fax:0977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

Branch Offices:
Biratnagar: Tel: 977-021-474395, E-mail:icanbrt@ican.org.np Butwal: Tel:977-081-543629, E-mail:icanpkr@ican.org.np
Birgunj: Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj: Tel:977-081-525916, E-mail: icannpj@ican.org.np Dhangadhi: 977-091-527493, E-mail: icandng@ican.org.np

विद्यमान व्यवस्था	संशोधित व्यवस्था
	२. तर, नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगद आधार लेखाङ्कनको वित्तीय प्रतिवेदन) को भाग १ दफा १.१.१ मा उल्लेखित सार्वजनिक क्षेत्रका निकायसम्बन्धी मापदण्ड पूरा नगर्ने तथा मुख्यतया: सार्वजनिक कोष वा सरकारी अनुदान बाहेकका स्रोतबाट सञ्चालन हुने गैरनाफामूलक शैक्षिक संस्थाहरूले भने **Nepal Accounting Standard for Not for Profit Organizations** (NAS for NPOs) अनुसार वित्तीय विवरण तयार गर्नुपर्नेछ । ३. नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) मा आधारित वित्तीय विवरण तयार गर्ने माथि बुँदा १ बमोजिमका सार्वजनिक विद्यालयहरु NAS for NPOs अनुरूपको वित्तीय विवरणलाई स्वेच्छिक रुपमा मूल वित्तीय विवरणको अनुसुचीको रुपमा प्रस्तुत गर्न सक्नेछन् । NPSAS मा आधारित वित्तीय विवरणको ढाँचा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गर्न सक्नेछ ।

.....

सीए विमल डंगोल

कार्यकारी निर्देशक